# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बागमती प्रदेशको
# दोश्रो पूर्ण वैठकका लागि पदाधिकारी स्तरमा गृह कार्य गरिएका प्रस्तावहरु

## १ संगठनात्मक प्रस्ताव

- **क) पदाधिकारीको जिम्वेवारी**
  - अध्यक्ष - विधानले प्रत्योजन गरेका सबै जिम्वेवारी र समग्र संगठनात्मक एवं वैचारिक नेतृत्व गर्ने
  - उपाध्यक्ष १ - लेखा परिक्षण आयोग, अनुशासन आयोग, निर्वाचन आयोग र कार्यसम्पादन मुल्यांकन समितिहरुको परिचालन एवं नेतृत्व गर्ने
  - उपाध्यक्ष २ - १)उद्योग तथा बाँणिज्य विभाग, २)उपभोक्ता हित तथा आपुर्ति विभाग, ३)कृषि तथा भुमिसुधार विभाग, ४)खानेपानी तथा सरसफाइ विभाग, ५)जलश्रोत, सिंचाइ तथा उर्जा विभाग, ६) न्याय,कानुन तथा मानवधिकार विभाग, ७)पर्यटन प्रवर्धन तथा नागरिक उड्यन विभाग, ८)प्रचार तथा प्रकाशन विभाग, ९)पार्टी स्कुल विभाग, १०) पुस्तकालय तथा अभिलेख विभाग, ११) अर्थ तथा योजना विभाग १२) प्रदेश संसदिय विभाग
  - उपाध्यक्ष ३ - १)भौतिक पुर्वाधार तथा यातायात विभाग, २)युवा तथा खेलकुद विभाग, ३)राजकिय मामिला तथा सुशासन विभाग, ४)वन तथा वातावरण विभाग, ५)विज्ञान तथा प्रविधि विभाग, ६)शिक्षा तथा मानवश्रोत विभाग, ७)श्रम तथा रोजगार विभाग, ८)प्रदेश संसदिय विभाग, ९)महिला विभाग, समाज कल्याण विभाग, १०)सहकारी तथा गरिबी निवारण विभाग, ११)सहरी विकाश विभाग, १२)साहित्य कला तथा संस्कृति विभाग, १३)स्थानिय तह विभाग, १४)स्वास्थ्य तथा जनसंख्या विभाग, १५)निर्वाचन विभाग, १६)सामान्य प्रशासन विभाग
  - सचिव - विधानले प्रत्योजन गरेका सबै जिम्वेवारी र समग्र संगठनात्मक एवं वैचारिक नेतृत्व गर्ने र संगठन विभागलाइ हेर्ने
  - सहसचिव १ - ११ वटा जनवर्गिय संगठन
  - सहसचिव १ - ११ वटा जनवर्गिय संगठन
  - सहसचिव १ - जातिय क्षेत्रिय मोर्चा
  - कोषाध्यक्ष - विधानले प्रत्योजन गरेका सबै जिम्वेवारी र समग्र संगठनात्मक एवं वैचारिक नेतृत्व गर्ने र संगठन विभागलाइ हेर्ने र ंकोष तथा आर्थिक व्यवस्थापन विभाग
- ख) कार्यालय विस्तार - पदाधिकारीले प्रदेश स्तरिय विभिन्न जिम्वेदारी अनिवार्य वहन गर्नुपर्ने कारण र पदाधिकारीलाइ कुनै एक जिल्लाको प्रतिनिधि भन्दा अनिवार्य माथी उठाएर नेतृत्व विकाश गर्नुपर्ने कारणले गर्दा पदाधिकारीले नै कार्यलयको काम गर्दा विधानतः सही र व्यवहारिक समेत हुने भएकाले कार्यलय विस्तार नगर्ने प्रस्ताव
- ग) प्रदेश सदस्य मनोनयन - जिल्लामा हाल निर्वाचित प्रदेश सदस्यहरुको सर्वसहमति वा वहुमतले निम्न अनुसार मापदण्डमा सिफारिस गर्न प्रस्ताव - १) निवर्तमान प्रदेश वा प्रदेश सचिवालय सदस्य भएका तर हाल प्रदेश समितिमा विविध कारणले नपर्नु भएका कमरेडहरु, २) प्रदेश सदस्य विहिन भएका पालिकाहरुबाट प्रदेश प्रतिनिधि वा प्रदेश सदस्यका लागि वढिमा १ जना
- घ) प्रदेश सल्लाहाकार सिफारिस प्रस्ताव
  - २००० ( दुइहजार) पार्टी सदस्य बराबर एकजना सल्लाहाकार सिफारिस गर्ने । सिफारिस गर्दा निवर्तमान सल्लाहाकार समितिका सदस्यहरु समावेस गरेर सिफारिस गर्नुपर्ने
- ङ) जिल्ला समन्वयन समिति विधान अनुसार गठन गरी संयोजक सिफारिस प्रदेशमा पठाउने जसमा

- संयोजकको सिफारिस गर्दा प्रदेश समितिको सचिवालयमा सिफारिस गरिएको सदस्यहरु मध्यवाट गर्ने
- केन्द्रीय समितिको सदस्यहरु मध्यबाट जिल्ला सहइन्चार्जको कार्यविन्यास नभएका जिल्लाहरुका हकमा वा समन्धित जिल्लाका सिसिएमहरु जिल्ला सहइन्चार्जमा सहभागि नहुने समझदारि वन्छ भने जिल्ला सहइन्चार्जमा प्रदेशको सचिवालय सदस्यमा सिफारिस गरिएका सदस्य मध्यवाट जिल्ला सह-इन्चार्ज सिफारिस गर्ने

- च) प्रतिनिधिसभा निर्वाचन समन्वयन समिति विधान अनुसार गठन गरी केन्द्रीय समितिका सदस्यहरु मध्यवाट प्रदेश इन्चार्जमा सहभागि नभएमा प्रदेश समिति सचिवालयमा सिफारिस गरिएका सदस्य मध्यबाट इन्चार्ज सिफारिस गर्ने
- छ) प्रदेशसभा निर्वाचन समन्वयन समिति विधान अनुसार गठन गरी प्रदेशसभा निर्वाचन समन्वयन समिति इन्चार्जमा प्रदेश समिति सचिवालयमा सिफारिस गरिएका सदस्य वा प्रदेश सदस्य मध्यबाट इन्चार्जमा सिफारिस गर्ने
- ज) पालिकाहरुको इन्चार्जका सन्दर्भमा प्रदेश सदस्यमध्यबाट र जुन पालिकामा प्रदेश सदस्य निर्वाचित हुन सकेका छैनन् सो पालिकामा प्रदेश प्रतिनिधिका रुपमा वा जिल्लामा कार्यरत अन्य पालिकाबाट इन्चार्जको सिफारिस गर्ने
- झ) गठन हुन नसकेको पालिका वा पदाधिकारी एवं प्रदेशसभा निर्वाचन क्षेत्र समन्वयन समिति, प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वयन समिति, जिल्ला समन्वयन समिति माघ २५ गतेभित्र पूर्ण गरिसक्नुपर्ने प्रस्ताव ।
  - वडा समिति, पालिका समिति, प्रदेश निर्वाचन क्षेत्र समन्वयन समिति, प्रतिनिधि क्षेत्र समन्वयन समिति र जिल्ला समन्वयन समितिको पदाधिकारी र सदस्यहरुको फोन नम्वर सहितको नामावाली माघ ३० गते सम्म प्रदेश कार्यालयमा पेस गर्ने प्रस्ताव
- ञ) विभागहरुमा सिफारिसबारे प्रस्ताव
  - विभाग प्रमुख/उपप्रमुख - मूख्यतः प्रदेश समिति सचिवालयमा सिफारिस सदस्य वा प्रदेश सदस्यमध्येबाट हरेक जिल्लाले दुइ प्रमुख र प्रदेश सदस्यमध्यबाट दुइ उपप्रमुख सिफारिस गर्ने
  - विभाग सचिव - विषयगत विज्ञतालाई विशेष फोकस गरेर हरेक जिल्लाले दुइजना सचिव सिफारिस गर्ने तर विज्ञता र विभागिय कार्यदक्षता उपयुक्त नलागेमा प्रदेश कार्यलयले पुनर्रविचार गर्न सक्ने
  - सदस्य- हरेक विभागमा विभागिय दक्षतालाई विशेष ख्याल गरेर एक जिल्लाले एक विभाग वरावर १ जना सदस्य सिफारिस गर्ने
- ट) आयोगहरुका बारेमा प्रस्ताव
  - आयोगहरुका सन्दर्भमा सबै पालिकाले आर्थिक लेखा आयोग, अनुशासन आयोग र निर्वाचन आयोग गठन गरि सो को समिति विवरण प्रदेश कार्यालयमा पठाउने
- ठ) दैनिक काम एवं कार्यसम्पादन मूल्यांकन समिति
  - अनुशासन आयोगको संयोजकत्वमा लेखा आयोगको एकजना सदस्य सहित ३ जनाको ..कार्यसम्पादन मूल्यांकन समिति गठन हुने
  - वडा स्तरमा पालिकाले संयोजक तोकेर ३ जनाको कार्यसम्पादन मूल्यांकन समिति रहने
  - कार्यसम्पादन मुल्यांकन समितिले कार्यविधिले तोके अनुसारको कार्य गर्ने

**बैचारिक एवं राजनीनितक काम**

- पालिका स्तरिय राजनीतिक प्रशिक्षण - महाधिवेशनको मूल राजनीतिक एवं वैचारिक पक्षलाइ केन्द्रविन्दु गरेर १ महिने अभियानका रुपमा फागुन १ देखी ३० गते सम्ममा सबै गाउँपालिकाको राजनीतिक प्रशिक्षण सम्पन्न गर्ने
  - फागुन १ गते ११९ वटै गाउँपालिकामा जनयुद्ध दिवस भव्यतापूर्वक मनाउने। जसका लागि कार्यक्रमको रुपरेखा प्रस्तुत गरिनेछ ।

- केन्द्रीय समितिका सदस्यहरु र प्रदेश पदाधिकारीहरुको प्रमुख वा विशेष आतिथ्यतामा प्रशिक्षण सम्पन्न गर्ने
- चैत्र पाँच गते सांस्कृतिक प्रतिरोध दिवसलाइ दलाल पुँजीवाद विरुद्धको सांस्कृतिक प्रतिरोधका रुपमा केन्द्रीकृत कार्यक्रम गर्ने
- चैत्र ६ गते देखी वैशाख १ गते सम्म शहिद वेपत्ता परिवार संगको मिलन एवं जनयुद्धका योद्घाहरुको सम्मान कार्यक्रमको योजना वनाएर पेस गर्ने ।

**निर्देशिका एवं समझदारीहरु**

१) प्रदेश समितिका पदाधिकारी र प्रदेशका इन्चार्ज एवं प्रदेशमा कार्यरत केन्द्रीय सदस्यबीच समझदारी
२) पार्टी संगठन एवं वैठक सञ्चालन समन्धि निर्देशिका
३) विभागहरुको परिचालन समन्धि निर्देशिका
४) जनवर्गिय संगठन परिचालन समन्धि निर्देशिका
५)जातिय क्षेत्रिय मोर्चा परिचालन समन्धि निर्देशिका
६) आर्थिक निर्देशिका
७) कार्यसम्पादन मूल्यांकन निर्देशिका
८)उत्पादन कार्य समन्धि निर्देशिका
९) पार्टी र सरकार समन्धी निर्देशिका
१०) निर्वाचन समन्धि निर्देशिका
११) प्रदेशका आम नेता कार्यकर्ताका लागि आचारसंहिता

## प्रदेश पदाधिकारीको कार्यविभाजन प्रस्ताव

प्रदेश पदाधिकारी प्रदेशकै पदाधिकारी भएकाले प्रदेश पदाधिकारीले प्रदेश स्तरका कामहरुको समन्वयन एवं परिचालनका लागि कार्य गर्नेछ । र तोकिएको प्रदेश स्तरिय जिम्वेदारी पुरा गर्नेछ

- विभागहरुलाइ कम्तिमा २ क्लष्टरमा विभाजन गरेर पदाधिकारी मध्य दुइजना उपाध्यक्षले हेर्नेछ
- लेखा आयोग, अनुशासन आयोग, निर्वाचन आयोग र कार्य सम्पादन मूल्यांक समिति एकजना उपाध्यक्षले हेर्नेछ
- जनवर्गिय संगठनहरुलाई दुइ भागमा विभाजन गरेर विधानले तोकेको जिम्वेवारी बाहेक दुइजना सह-सचिवले हेर्नेछ
- जातिय तथा क्षेत्रियमोर्चा एकजना सहसचिवले हेर्नेछ
- कोषध्यक्षले विधानले तोके वमोजिमनै प्रदेश भरीको आर्थिक कृयाकलापहरुका बारेमा नीति निर्माण एवं त्यसको त्रैमासिक प्रगति विवरण एवं आर्थिक गतिविधिको योजनामा काम गर्नेछ । साथै आर्थिक कोष परिचालन विभागलाइ पनि हेर्नेछ
- सचिवले विधानले तोके वमोजिमनै प्रदेश स्तरिय कार्य गर्नेछ र संगठन विभागलाइ पनि हेर्नेछ
- र अध्यक्षले विधानले तोके वमोजिम समग्र प्रदेशको समग्र कार्य गर्नेछ
- हरेक वैठकमा आफ्नो जिम्वेवारी क्षेत्रको रिपोटिङ एवं एक वैठकबाट अर्को बैठक वीचको प्रतिवेदनहरु अनिवार्य र लिखितरुपमा पेश गर्नुपर्नेछ ।

**प्रदेश समितिका पदाधिकारी र**
**प्रदेशका इन्चार्ज एवं प्रदेशमा कार्यरत केन्द्रीय सदस्यबीच सम्झदारी**

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) बागमती प्रदेश समिति पदाधिकारी र बागमती प्रदेशमा कार्यक्षेत्र भएका केन्द्रीय समितिका सदस्य एवं केन्द्रीय प्रतिनिधिका बीचमा पार्टी कामलाइ नियमित गर्नका लागि र कार्यसञ्चालन प्रकृयालाइ अझ व्यवस्थित बनाउनका लागि न्युनतम साझा धारणा आवश्यक परेकाले निम्नानुसारका विषयहरुमा एकरुप धाराणा निर्माण आवश्यक भएकाले निम्नअनुसार सझदारीका बुँदाहरु प्रस्तुत गरिएको छ

- केन्द्रीय समितिका प्रतिनिधि एवं केन्द्रीय सदस्यहरु केन्द्रीय कार्यक्रम एवं पार्टी केन्द्रका राजनीतिक बैचारिक कार्यक्रमहरु प्रदेश समिति एवं जिल्ला समन्वयन समितिलाइ सम्प्रेषण गर्नका लागि उत्तरदायी रहनेछन् ।
- प्रदेशका सम्पूर्ण संगठनात्मक, राजनीतिक र नियमित काम कार्वाहीमा प्रदेश कार्यालय र प्रदेश समिति उत्तरदायी रहनेछ ।
- प्रदेश अध्यक्षको नेतृत्वमा प्रदेश पदाधिकारील प्रदेश समितिका लागि प्रस्तावको गृहकार्य गर्न सक्नेछ ।
- प्रदेश समितिको पदाधिकारीले तयार पारेको प्रस्तावलाइ प्रदेश इन्चार्ज एवं सहइन्चार्ज समक्ष पेस गर्नेछ । इन्चार्ज/सहइन्चार्जको सल्लाह एवं सुझाव समेतलाइ समेटेपछी प्रस्तावलाइ अन्तिम रुप दिइनेछ ।
- प्रदेश समितिमा प्रस्ताव पेस गर्नुअघि बागमती प्रदेशमा कार्यरत केन्द्रीय सदस्य एवं केन्द्रीय प्रतिनिधिसंग तयारी वैठक वस्न पर्ने नपर्ने निर्णय प्रदेश इन्चार्ज सह-इन्चार्जले लिनुहुनेछ ।
- पदाधिकारी र प्रदेश इन्चार्ज/सहइन्चार्जबीचमा हुने सबै छलफलहरुको सम्प्रेषण गर्ने जिम्वेवारी निम्न अनुसार हुनेछ -
    - प्रदेशमा कार्यरत केन्द्रीय समिति सदस्य एव केन्द्रीय प्रतिनिधिलाइ सुचना प्रवाह गर्ने जिम्वेवारी इन्चार्ज सह-इन्चार्जको हुनेछ
    - प्रदेश समिति सदस्य एवं मातहत समितिहरुलाइ सुचना प्रवाह गर्ने जिम्वेवारी प्रदेश पदाधिकारीको हुनेछ ।
- प्रदेश सदस्यका हैसियतमा प्रदेशभित्र जुनसुकै जिम्वेदारीमा रहेको भएतापनि उनीहरुलाई परिचालन गर्ने, निर्देशन दिने, एवं निर्णय भएका काम कार्वाहीप्रति उत्तरदायी गराउनका लागि प्रदेश पदाधिकारी सम्पूर्ण रुपले उत्तरदायी हुनेछ ।
- प्रदेश इन्चार्ज सह-इन्चार्ज सहित भएका सबै छलफल र निर्णयहरुका कारण उत्पन्न हुन सक्ने अन्तरविरोध र अस्पष्टताहरुका बारेमा केन्द्रीय सदस्य एवं केन्द्रीय प्रतिनिधिका हकमा प्रदेशका इन्चार्ज सहइन्चार्ज उत्तरदायी हुनेछ र प्रदेश सदस्य एवं मातहत सबै समितिका हकमा प्रदेश पदाधिकारी उत्तरदायी हुनेछ ।

## पार्टी संगठन एवं वैठक सञ्चालन समन्धि निर्देशिका प्रस्ताव

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बागमती प्रदेश समिति र समिति मातहत सबै समितिहरुको एकरुपता, उच्च अनुशासन र उच्च कृयाशिलता सहित नियमित संगठन एवं वैठक सञ्चालन गर्नका लागि  लागि प्रदेश स्तरिय पार्टी संगठन एवं वैठक सञ्चालन समन्धि निर्देशिका आवश्यक भएकाले निम्नुसार वुँदाहरु प्रस्ताव गरिएको छ

### बैठक तयारी समन्धमा

- सबै समितिका बैठक बोलाउनु अघि पदाधिकारी वैठक बोलाउनु पर्नेछ.....
- पदाधिकारी वैठकमा अध्यक्षले प्रस्ताव पेस गरेपछी प्रस्तावलाइ पूर्णता दिइ प्रस्तावमाथी गृहकार्य पदाधिकारीले गर्नेछ ।
- पदाधिकारीको गृहकार्य बैठकमा इन्चार्ज सहइन्चार्ज सहभागि नभएको अवस्थामा इन्चार्ज सह-इन्चार्जको आवश्यक सल्लाह सुझाव लिएर प्रस्तावलाइ अन्तिम रुप दिइनेछ ।
- प्रस्तावको वुँदा सहित बैठकको मिति भन्दा एकहप्ता पहिले समितिका सदस्यकहाँ लिखित ( इमेल/फोन म्यासेज/चिट्ठी) सुचना पुग्नुपर्नेछ
- बैठक नियमित जनवाद अभ्यासको थलो भएका कारण वैठकमा सहभागि सबै सदस्यको मतराख्ने सुनिश्चित गर्नुपर्नेछ जसका लागि -
    - वडा समितिमा निश्चित समय प्रदान गरेर हरेक व्यक्तिले प्रस्ताव उपर आफ्नो धारणा राख्न दिनुपर्नेछ
    - पालिकामा कम्तिमा ५५ जना सदस्य हुने भएका कारण समूह व्यवस्थापन पदाधिकारीले पहिल्यै गर्नुपर्नेछ । एक समूहमा १० देखी १५ जना पालिका सदस्यहरु सबै वडाबाट समावेश गरेर ५ देखी १० ओटा सम्म समूहको व्यक्ति विन्यास गर्नुपर्नेछ
    - प्रदेश समितिको वैठकमा ३१७ जना सदस्य हुने भएकाले एक समूहमा हरेक जिल्ला समेटिने गरी २४/२५ जनाको दरले कम्तिमा १३ वटा समूहका लागि व्यक्ति विन्यासको तयारी गर्नुपर्नेछ
        - हरेक समूहमा कुन जिल्लाको नेतृत्व हुने त्यसको समेत तयारी गर्नुपर्नेछ
    - सचिवालय समितिको वैठकमा १०५ जना सदस्य हुने भएकाले सचिवालय बैठकका लागि कम्तिमा ८/९ जनाको एक समूह हुनेगरी १३ वटा समूहमा लागि व्यक्ति विन्यासनको तयारी गर्नुपर्नेछ
        - हरेक समूहमा कुन जिल्लाको नेतृत्व हुने त्यसको समेत तयारी गर्नुपर्नेछ
- तर आकस्मिक वैठक वस्नुपर्ने विशेष परिस्थिति श्रृजना भएमा जुनसुकै समयमा बैठक बोलाउन सकिनेछ ।
- बैठक एकदिने वनाउने हो वा दुइदिने वनाउने हो सो अनुसारको व्यक्ति र समूहलाइ दिने समयको विन्यास के कसरी गर्ने हो सो तयारी समेत गर्नुपर्नेछ
- आकस्मिक बैठक वस्नुपर्ने विशेष परिस्थिति के हो त्यसलाई बैठकका अध्यक्षले बैठकमा स्पष्ट पार्नुपर्नेछ

### बैठक सञ्चालन समन्धमा

- बैठक स्थल वा हलमा अनिवार्य व्यानर, पार्टी झण्डा, चुनाव चिन्ह र नेपालको राष्टिय झण्डा हुनुपर्नेछ
- सचिवले श्रद्धाञ्जली प्रस्तावलाइ समेत समेटेर पदाधिकारीमा गृहकार्य भएको प्रस्ताव वैठकमा पेस गर्नेछ
- प्रस्तावका सन्दर्भमा समितिका सदस्यहरुका थप प्रस्तावहरु छन् भने सो प्रस्तावलाइ विविध शिर्षकमा समावेश गर्नका लागि ५ मिनेटको समय प्रदान गर्नुपर्नेछ

- बैठकले प्रस्तावलाइ अनुमोदन गरिसकेपश्चात बैठकका अध्यक्षलाई प्रस्तावको पृष्ठभुमि र उद्धेश्यका बारेमा स्पष्ट पार्नका लागि सचिवले अनुरोध गर्नेछ ।
- अध्यक्षले प्रस्तावमाथी प्रकाश पार्ने मन्तव्य वढिमा २० मिनेटको हुनेछ
- अध्यक्षले प्रस्ताव उपर मन्तव्य राखेपश्चात केन्द्रीय समितिको सर्कुलर वा नीति निर्देशनहरुका बारेमा इन्चार्ज वा प्रमुख अतिथिले स्पष्ट पार्नुहुनेछ ।
- इन्चार्ज वा प्रमुख अतिथिलाई वढीमा ३० मिनेटको समय हुनेछ
- सो पश्चात समूह विभाजन अनुसार प्रस्तावमाथी वुँदा अनुसार हरेक सदस्यले समूहमा छलफल गर्नका लागि समय प्रदान गर्नुपर्नेछ
- वैठकको स्तर हेरेर समूह छलफलका लागि बढीमा १ देखी ३ घण्टा सम्मको समय प्रदान गर्नुपर्नेछ ।
- समूह छलफलको निष्कर्ष पेस गर्न एकजना समूह नेताका लागि वढिमा १० मिनेट सम्मको समय व्यवस्थापन गर्न सकिनेछ
- बैठकका अध्यक्षले छलफलमा उठेका विषयहरुको स्पष्टिकरण वढिमा ३० मिनेटभित्र दिनुपर्नेछ ।
- सो पश्चात प्रस्तावलाइ दफावार पारित गर्नका लागि अध्यक्षले एक एक प्रस्तावलाई हल समक्ष प्रस्तुत गर्नेछ ।
- ध्वनी वा तालीमतको वहुमतले नियमित वैठकका प्रस्तावहरु पारित गरिनेछ ।
- यदी ध्वनी वा तालीमतको वहुमतले अस्वीकृत गरिएका प्रस्तावहरु स्थगित गरिनेछ र अर्को वैठकका लागि आवश्यक गृहकार्य गरि प्रस्तुत गर्न सकिनेछ ।
- अन्तमा आफ्नो महत्वपूर्ण भनाइ र निर्देशनहरुका साथ अध्यक्षले वैठकको समापन गर्नेछ ।

संगठन समन्धमा

- हरेक वडामा कम्तिमा ९ देखी माथीको संख्यामा टोल समितिहरु निर्माण गर्न सकिनेछ
- टोल समितिलाइ मूलतः साविक गाविसका वडाहरुको संरचनामा विभाजन गरेर निर्माण गरिनेछ ।
- तर एक टोलभित्र कम्तिमा १०० घर भन्दा माथी १५० पार्टी सदस्यको संख्या पुगेमा त्यसलाई टोलको समितिको मान्यता सहितको समिति निर्माण गर्न सकिनेछ ।
- तर यस्ता टोल समिति निर्माण गर्नुपर्ने आधार सहितको वडा पार्टीको निर्णय पालिका समितिले पारित गरेपछी लागु हुनेछ ।
- टोल समिति पूर्ण मान्यता पाउनका लागि एक टोलको मातहत कम्तिमा ३ वटा सेल समिति अनिवार्य हुनुपर्नेछ ।
- र वडा समिति पूर्ण हुनका लागि कम्तिमा ९ वटा टोल समिति अनिवार्य हुनुपर्नेछ ।

# आर्थिक निर्देशिका

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) वागमती प्रदेश समिति र मातहतका सबै संगठनहरुको आर्थिक गतिविधिहरुको सञ्चालन एवं परिचालनका लागि आम्दानी, खर्च र वचत कोषहरुका सन्दर्भमा साझा धारणा, प्रतिवद्धता र कार्यन्वयनको नमुना आवश्यक भएकाले नेकपा(माओवादी केन्द्र) वागमती प्रदेश आर्थिक निर्देशिका निर्माण गरिएको छ

**आर्थिक कोष निर्माण**

- प्रदेश, जिल्ला र पालिकामा एक आर्थिक कोष स्थापना गरिनेछ
- कोष स्थापना गर्नका लागि समन्धित पार्टीले निर्णय गरेर शहिदको नाममा वा प्रदेशले समन्वयन गर्ने शहिद प्रतिष्ठान वा अन्य प्रतिष्ठानका नाममा सामाजिक कोषको रुपमा आर्थिक कोष खडा गर्नुपर्नेछ ।
- आगामी २ वर्षभित्रमा पालिकामा कम्तिमा ५० लाखको अक्षय कोष र प्रदेशमा कम्तिमा २ करोढको अक्षयकोष निर्माण गर्ने लक्षका साथ सो अनुसार कार्य गर्नुपर्नेछ ।

**नियमित आर्थिक श्रोतका समन्धमा**

- पार्टी सञ्चालनको मूल श्रोत भनेको पार्टी सदस्यहरुको नियमित लेवी हो भन्ने विषयलाइ सबै समितिले मनन गर्नुपर्नेछ ।
- चौमासिक लेखा परिक्षणलाइ अनिवार्य मुल्यांकनको सर्त वनाएर लेखा परिक्षण प्रभावकारी वनाइनेछ ।
- पार्टी सदस्यता लेवी नियमित गर्नुपर्नेछ । तिनवटा चौमासिक लेवी नवुझाउने पार्टी सदस्यलाई संगठित सदस्यताबाट हटाइनेछ र साधारण सदस्यका रुपमा राखिनेछ ।
- हरेक समितिले आफ्नो समितिको कोष विस्तार गर्न वा पार्टीलाइ सुव्यवस्थित गर्नका लागि स्वऐच्छिक लेवी लगाउन सक्नेछ ।
- पार्टीको तर्फबाट सरकारी नियुक्तिमा गएका व्यक्तिले सांसदहरुले तिर्दै आएको रकमलाइ प्रतिशतमा रुपान्तरण गरेर सो अनुसारको लेवी रकम प्रदेशलाइ तिर्नुपर्नेछ ।
- संसदहरुले पार्टीलाइ वुझाउदै आएको लेवी नियमित हुनेछ
- स्थानिय तहमा निर्वाचित जनप्रतिनिधि (जसले तलव वुझ्नुहुन्छ) तलवको १० प्रतिशत नियमित लेवी समन्धित स्थानिय तह पार्टीलाइ वुझाउनु पर्नेछ ।
- स्थानिय तहमा पार्टीको सिफारिस वा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिले नियुक्ति गरेका वा सिफारिस रोजगारी प्राप्त गरेका व्यक्तिले अफिसर स्तरभन्दा माथीका ले तलवको १० प्रतिशत र सो भन्दा तल्लो स्तरमा नियुक्ति लिएका व्यक्तिहरुले ५ प्रतिशत लेवी तिर्नुपर्नेछ ।
- पार्टीको सोर्स या श्रोत प्रयोग गरेर गरिने कुनैपनि वैधानिक कामको आम्दानीको १० प्रतिशत पार्टी लेवीको रुपमा वुझाउनुपर्नेछ ।
- स्वतः रोजगारीमा भैराखेका पार्टीका सदस्यहरुले आफ्नो नियमित लेवी बाहेक स्वेच्छिक घोषणाका आधारमा नियमित लेवी वुझाउनुहुनेछ ।

**आर्थिक खर्चका समन्धमा**

- हरेक पालिकाले आगामी २ वर्ष भित्रमा आफ्नो भवन सहितको कार्यलय निर्माण गर्नुपर्नेछ

- प्रदेशले आगामी ३ वर्षभित्रमा आफ्नो भवन सहितको कार्यलय स्थापना गर्नेछ ।
- वडाहरुले आफ्ना भवन सहितको कार्यलय स्थापना गर्नेछ
- वडाले वडाको केन्द्रमा, पालिकाले पालिका केन्द्रमा र प्रदेशले काठमाण्डौंमा मुख्य र हेटौंडामा सहायक भाडाको कार्यालय स्थापना गर्नेछ ।
- वडा र पालिका कार्यालयमा कम्तिमा आफ्नो समितिको नियमित वैठक वस्न सकिने हल सहितको कार्यालय र प्रदेशमा कम्तिमा सचिवालय सदस्य सम्मको वैठक बस्न सकिन हल सहितको कार्यालय स्थापना गर्नुपर्नेछ
- आउदो फागुन १ गते ११९ पालिका मध्य जुनजुन पालिकामा कार्यालय स्थापना भएको छैन ती पालिकाले अनिवार्य स्थापना गरेर उद्घाटन गर्नुपर्नेछ ।
- पालिका कार्यालयमा एकजना कार्यालय सचिव कार्यलय समन्धि ज्ञान भएको र पार्टी प्रति प्रतिवद्ध कमरेडलाइ नियुक्ति गर्नुपर्नेछ ।
- पार्टीको नियमित काम, नियमित तलव, अफिसियल खर्च बाहेक ठुला कार्यक्रमहरुमा न्युनतम कोष भन्दा तल झर्नेगरी खर्च गर्न पाइने छैन ।
- प्रदेश पदाधिकारी वा केन्द्रीय सदस्य र प्रतिनिधिलाइ अतिथिका रुपमा आमन्त्रण गर्ने पालिका वा अन्य आयोजकले अतिथीको न्युनतम यातायात व्यवस्थापनको जिम्वेवारी वहन गर्नुपर्नेछ । यो नियम सबै समिति वा आयोजकहरुमा लागू हुनेछ ।

## कार्यसम्पादन र कार्यमूल्यांकन निर्देशिका

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बागमती प्रदेश समिति, मातहत सबै समिति, विभाग, जवसमोर्चा लगाएत सबै कार्यकर्ताहरुको उचित र तथ्यगत मुल्यांक एक अपरिहार्य आवश्यकता हो । समग्र कार्यकर्ताहरुको उचित मुल्यांकन गरी तथ्यगत प्रतिवेदनहरुको फाइल गरेर राख्नका लागि एक कार्यसम्पादन र कार्यमूल्यांकन निर्देशिकाको आबश्यकता भएकाले यो निर्देशिका प्रस्तुत गरिएको छ ।

कार्यमूल्यांकन शिर्षक समन्धमा

- यो फाइल तयार पार्दा सम्मको राजनीतिक इतिहास
- नियमित कामहरुका विषय
  - नियमित एवं आकस्मिक वैठकहरुमा सक्रिय वा सामान्य सहभागिता
  - पार्टी वैठकले तय गरेका कार्यक्रमहरुमा सक्रिय वा सामान्य सहभागिता
  - नियमित संगठन विस्तारमा तथ्यगत मूल्यांकन
  - पार्टी एवं जवस मोर्चाका सदस्यता विस्तारमा सहभागिताको तथ्य सहितको मूल्यांकन
  - पार्टीले आयोजना गर्ने कार्यक्रमहरुमा सक्रिय वा सामान्य सहभागिता
  - नियमित लेवी
  - जनसेवाका कामहरुमा सहभागिताको तथ्यगत मूल्यांकन
  - उत्पपिडित वर्ग समुदायका लागि गरिएका संघर्ष एवं आवाज वुलन्द गरेको तथ्यगत मूल्यांकन
  - पार्टीले आयोजना गर्ने राजनीतिक वैचारिक स्कुलहरुमा सक्रिय व सामान्य सहभागिता

**कार्यसम्पादन मूल्यांकन को संरचना समन्धमा**

- प्रदेशमा प्रदेश अनुशासन आयोगका संयोजक स्वत संयोजक र प्रदेश लेखा आयोगका सदस्य अनिवार्य सदस्य रहने गरी अन्य ५ सदस्य सहित ७ सदस्सिय कार्यसम्पादन र कार्यमूल्यांकन संरचना रहने
- जिल्ला समन्वयन समितिले जिल्लाले निर्णय गरेका एक प्रदेश स्तरका सदस्यको नेतृत्वमा कम्तिमा ५ सदस्सिय कार्यसम्पादन र कार्यमूल्यांकन संरचना रहने
- पालिकामा अनुशासन आयोगका संयोजक स्वत संयोजक र प्रदेश लेखा आयोगका सदस्य अनिवार्य सदस्य रहने गरी अन्य ३ सदस्य सहित ५ सदस्सिय कार्यसम्पादन र कार्यमूल्यांकन संरचना रहने
- वडामा पालिकाले निर्णय गरेको पालिका सदस्यमध्यबाट १ संयोजक सहित ३ सदस्सिय वडा कार्यसम्पादन र कार्यमूल्यांकन संरचना रहने

**मूल्यांकनको समन्धमा**

- कार्यसम्पादन र कार्यमूल्यांकनका लागि प्रदेशले एक व्यक्ति बराबर कम्तिमा ५ वर्षका लागि एक मूल्यांकन तथ्यगत किताव उपलव्ध गराउनेछ । जसको उचित शुल्क समन्धित सदस्यहरुले तिर्नुपर्नेछ ।
- मूल्यांकन तथ्यगत किताव वडा समिति सदस्य एवं पदाधिकारीको वडा कार्यालयमा, पालिका समिति सदस्य एवं पदाधिकारीको पालिका कार्यलयमा, र प्रदेश समिति सदस्यहरु एवं पदाधिकारीको प्रदेश कार्यलयमा रहनेछ ।
- सबै समितिहरुको तथ्यहरुको अध्यावधिका महिनामा १ पटक अनिवार्य हुनेछ ।
- तथ्यहरुको अध्यावधिक हरेक समितिको सचिवले गर्नेछ र अध्यक्षले प्रमाणित गरेर मूल्यांकन समितिलाइ पेस गर्नेछ ।
- मूल्यांकन समितिले त्यसको सत्यतथ्य लाइ छानविन गरी आफ्नो रिपोर्ट सहितको प्रतिवेदन माथिल्लो समितिलाइ पठाउन सक्नेछ ।
- गलत तथ्यहरुको रेकर्ड गराएको समन्धमा छानविन गर्ने सम्पूर्ण अधिकार कार्यसम्पानद र कार्यमूल्यांकन समितलाइ रहनेछ ।

## विभागहरुको परिचालन समन्धि निर्देशिका

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) वागमती प्रदेश समिति र मातहतका सबै संगठन एवं कार्यकर्ता परिचालन गर्न वा पार्टीको लक्ष उद्धेश्य प्राप्ती गर्नका लागि नियमित नीतिगत काम गर्न र पार्टीलाइ नीतिगत दिशानिर्देश समेत गर्नका लागि विभागहरुको महत्वपूर्ण भुमिका रहन्छ । हरेक विभागहरुको विभागिय नीति निर्माण गर्न, आफ्नो विभाग संग समन्धित विषयमा फिल्ड रिसर्च समेत गर्न र सो अनुसार नीतिगत दिशानिर्देश गर्ने महत्वपूर्ण भुमिका भएकाले विभागिय कामलाइ व्यवस्थित एवं कृयाशिल पार्नका लागि विभाग परिचालन समन्धि निर्देशिका प्रस्ताव गरिएको छ ।

विभाग गठनका समन्धमा

- सबै विभागहरुको नेतृत्व हरेक समितिमा समितिका सदस्यहरु मध्यबाट संभव भएसम्म समन्धित विभागिय विषयमा दक्षता हाशिल गरेका सदस्यहरुबाट हुनेछ
- समन्धित विभागका सचिव समन्धित विभागिय विषयमा कम्तिमा ५ वर्ष अनुभव हाशिल गरेको र पार्टीको कुनै न कुनै संगठनमा संगठित भएको सदस्यबाट हुनेछ

- हरेक विभागमा कम्तिमा ३ देखी ५ सदस्य समन्धित विभागिय विषयमा दक्षता हाशिल गरेको व्यक्तिबाट रहनेछ । जसका लागि पदाधिकारी वा अध्यक्षले मनोनयन गर्न सक्नेछ ।

विभागले गर्ने काम

- विभागले आफ्नो विभागसंग समन्धित विषयमा सदस्यहरुबीच कार्यविभाजन गर्नुपर्नेछ
- आफ्नो विभागिय विषयको ऐतिहासिक तथ्यगत पृष्ठभुमी, वर्तमान तथ्यगत अवस्था र पार्टीको मूल राजनीतिक विचार अनुसार कम्तिमा वार्षिक, द्विवार्षिक, त्रिवर्षिय र पञ्चवर्षिय मार्गदशन निर्माण गर्नुपर्नेछ ।
- विभागको तर्फबाट आफ्नो अवधारणा मस्यौदा भएपश्चात एक प्रदेश पार्टीका मुख्य नेतृत्व एवं समन्धित विभागको केन्द्रीय प्रतिनिधि र आवश्यक विज्ञहरुको सहभागितामा सो मस्यौदा माथी एक छलफल आयोजना गरिनेछ ।
- विभागसंग समन्धित विषयलाइ एक नीतिगत वुकलेटका रुपमा प्रकाशित रेकर्ड राखिनेछ ।
- समन्धित विभागले पालिका स्तरमा विभागिय काम भएका छन् वा छैनन् समन्धित पार्टी संग समन्वयन गर्दै अनुगमन र कार्यप्रेरणाको कार्य गर्नेछ ।
- विभागसंग समन्धित नियमित अध्यावधिक विकाश प्रकृयालाइ अध्ययन गर्दै सो अनुसारको संगठन निर्माण वा नीतिगत विकाश गर्ने काम समन्धित विभागको हुनेछ ।
- विभागको वैठक हरेक महिनामा १ पटक अनिवार्य वस्नेछ ।
- पार्टी र सरकार समन्धि निर्देशिका

## पार्टी र सरकार समन्धि निर्देशिका

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) वागमति प्रदेश, पालिका र वडा समिति र वागमति प्रदेश, पालिका र वडा सम्मको सरकार एवं जनप्रतिनिधि बीच पार्टी काम र सरकारको कामलाइ व्यवस्थित र एकतावद्धताका साथ अगाडी वढाइ अन्तत पार्टीलाइ समेत मज्वुत वनाइ नीरन्तर जनतालाइ पार्टी हुनुको प्रत्याभूत गर्न जरुरी भएका कारण यो निर्देशिकावा समझदारी प्रस्ताव गरिएको छ ।

पार्टी र सरकारबीच बैठक तथा भेला समन्धमा

- पार्टीको मूल कार्यक्रमलाइ सरकारी स्तरवाट लागू गर्नु पार्टीवाट निर्वाचित जनप्रतिनिधि एवं सरकारको हुनेछ ।
- पार्टी योजना सहितको सरकारले लागू गर्दै गरेको कार्यक्रमको प्रचार प्रसार एवं स्थापित गर्नु पार्टी संगठन एवं यसका नेता कार्यकर्ताको कर्तव्य हुनेछ
- कुनैपनि तहको दलिय वैठकमा समन्धित तहको पार्टी अध्यक्ष त्यसको पदेन सदस्य वा …….. को रुपमा हरेक वैठक भेलामा अनिवार्य सहभागि हुनुपर्ने / गराउनुपर्ने छ ।
- समन्धित पार्टी समितिको पदाधिकारी वा अध्यक्ष सहभागि गराएर सबै तहको सरकारको वजेट वनाउने समय भन्दा कम्तिमा २ महिना पहिले वजेट एवं सरकारको बार्षिक कार्यक्रम वनाउने गृहकार्य गर्नुपर्नेछ
- हरेक चौमासिक दलिय वैठकमा समन्धित समितिको पार्टी समितिको अध्यक्ष वा पदाधिकारी उपस्थित गराएर कार्यक्रमहरुको समिक्षा गर्नुपर्नेछ
- सरकारले लागू गर्न लागेका वा लागू गरेका अन्य कार्यक्रमहरु पार्टीलाइ समयमा उपलव्ध गराउनुपर्ने छ

- कुनैपनि नेता कार्यकर्ताले सरकारमा सहभागि प्रतिनिधिहरुका विरुद्ध सार्वजनिक विरोध वा अभिव्यक्ति दिनुपूर्व पार्टीको समन्धित समितिहरुमा पहिले पर्याप्त छलफल भएको हुनुपर्नेछ। वा आफ्नो मत समन्धित पार्टी समिति वा उपल्लो निकायमा आफ्नो मत दर्ज गरिएको र सो को सुनुवाइ नभएको आधार स्पष्ट हुनुपर्नेछ

- जवस परिचालन समन्धि निर्देशिका
- मोर्चा परिचालन समन्धि निर्देशिका
- उत्पादन कार्य समन्धि निर्देशिका
- निर्वाचन समन्धि निर्देशिका
- प्रदेशका आम नेता कार्यकर्ताका लागि आचारसंहिता
-

बैठक सञ्चालन समन्धमा

- सबै समितिका वैठकहरु सचिवले सञ्चालन गर्नेछ
- सर्वप्रथम बैठकका अध्यक्ष र त्यसपछी अतिथिहरुको आसनग्रहण गराउनेछ
- प्रमुख अतिथिलाइ आसनग्रहण गराएपछी बाँकि सबै माथिल्लो समितिका सदस्यहरुलाइ एकमुष्ट आसनग्रहण गराउनेछ
- संभव भएसम्म आतिथिका लागि नाम सहितको आसन तयार पारेर आयोजक मध्यका सहजकर्ताले बैठक अगाडी नै आ-आफ्नो आसनमा आसनग्रहण गराउनेछ
- सो पश्चात शहीदहरुप्रति उठेर एक मिनेट मौनधारण सहित श्रद्धाञ्जली अर्पण गर्नेछ
-

बैठकको समयको समन्धमा

- वडा समितिको नियमित बैठक महिनामा १ पटक वस्नेछ।
- पालिका समितिको नियमित बैठक २ महिनामा १ पटक बस्नेछ।
- प्रदेश निर्वाचन क्षेत्र समन्वयन समिति र प्रतिनिधि क्षेत्र निर्वाचन समन्वयन समितिको बैठक आवश्यकताका आधारमा बस्नेछ
- जिल्ला समन्वयन समितिको बैठक ३ महिनामा १ पटक अनिवार्य बस्नेछ
- प्रदेश सचिवालयको बैठक ३ महिनामा १ पटक वस्नेछ
- प्रदेश समितिको पूर्ण बैठक ४ महिनामा १ पटक वस्नेछ
- सल्लाहाकार समितिको बैठक ६ महिनामा १ पटक वस्नेछ
- जेष्ठ कम्युनिष्ट मञ्चको बैठक वर्षमा १ पटक वस्नेछ
- प्रदेश परिषदको बैठक १.५ वर्षमा १ पटक वस्नेछ